# विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९

प्रमाणीकरण र प्रकाशन मिति

२०४९।७।२७

**संशोधन गर्ने ऐन**

| | | |
|---|---|---|
| १. | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) ऐन, २०५२ | २०५२।१०।१० |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७• | २०५७।४।२६ |
| ३. | आयकर ऐन,२०५८ | २०५८।१२।१९ |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६◎ | २०६६।१०।७ |

२०४९ सालको ऐन नं. ३४

**विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : देशको औद्योगिकरणको प्रकृयामा सीमित पूंजी, मानवीय एवं प्राकृतिक साधनको अधिकतम परिचालन गरी अर्थ व्यवस्थालाई सबल, गतिशील एवं प्रतिस्पर्धात्मक बनाउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरणलाई प्रबर्द्धन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

• यो ऐन २०५७ साल श्रावण १ गतेदेखि नै प्रारम्भ भएको ।

◎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको, प्रशस्ती र अधिराज्य शब्द झिकिएको ।



नेपाल कानून आयोग

(क) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ मा उल्लिखित उद्योग सम्झनु पर्छ ।

(ख) "विदेशी लगानी" भन्नाले विदेशी लगानीकर्ताले उद्योगमा गरेको देहायबमोजिमको लगानी सम्झनु पर्छः-

(१) शेयरमा गरेको लगानी,

(२) उपखण्ड (१) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी,

(३) ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानी ।

(ग) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ता बीच देहायका कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छः-

(१) विदेशी उत्पत्तिको कुनै प्रविधि सम्बन्धी अधिकार विशिष्टता, फरमुला, प्रक्रिया, पेटेण्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने ।

(२) विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने ।

(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन एवं बजार सेवा उपलब्ध गर्ने ।

(घ) "विदेशी लगानीकर्ता" भन्नाले विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्ने कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँछ ।

(ङ) "बोर्ड" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १२ बमोजिम गठित औद्योगिक प्रबर्द्धन बोर्ड सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले नेपाल सरकारको उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग वा नेपाल सरकारले तोकेको अन्य कुनै विभाग, कार्यालय वा निकाय सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **स्वीकृति लिनु पर्ने** : (१) विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न विभागको स्वीकृति लिनु पर्नेछ ।



नेपाल कानून आयोग

(२) विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न चाहनेले स्वीकृतिको लागि विभाग समक्ष तोकिएको विवरणहरू समेत संलग्न राखी तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

▲(३) उपदफा (२) बमोजिम दरखास्त परेमा पचास करोड रुपैयाँसम्म स्थिर जेथा भएको उद्योगको हकमा विभागले आफैं र सोभन्दा बढी स्थिर जेथा भएको उद्योगको हकमा बोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिनभित्र स्वीकृति दिनु पर्नेछ । विभागले त्यस्तो स्वीकृतिको सम्बन्धमा भएको निर्णयको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

▲(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूचीमा उल्लेख भएका उद्योगहरूमा विदेशी लगानी गर्न स्वीकृति दिइने छैन ।

तर त्यस्ता उद्योगहरूमा प्रविधि हस्तान्तरण गर्न स्वीकृति दिन सकिनेछ ।

४. ● ... ... ... ... ...

५. <u>**सुविधा तथा सहुलियत**</u> : (१) ✌ ......................

✍(१क) ......................

(२) विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ताले देहाय बमोजिमको रकम विदेशी मुद्रामा नेपालबाहिर लैजान पाउनेछः-

(क) विदेशी लगानीको केही वा सबै भागको शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) विदेशी लगानी बापतको लाभ वा लाभांशको रूपमा प्राप्त रकम,

(ग) विदेशी ऋणको सावाँ र ब्याजको भुक्तानीको रूपमा प्राप्त रकम ।

(३) विदेशी लगानीकर्ताले प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त रकम सम्बन्धित सम्झौतामा उल्लिखित मुद्रामा नेपालबाहिर लैजान पाउनेछ ।

---

▲ पहिलो संशोधनद्वारा संशोधित ।
▲ पहिलो संशोधनद्वारा संशोधित ।
● पहिलो संशोधनद्वारा खारेज ।
✌ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा झिकिएको ।
✍ आयकर ऐन, २०५८ द्वारा झिकिएको ।





नेपाल कानून आयोग

६. **भीसासम्बन्धी व्यवस्था** : (१) नेपालमा लगानी गर्ने उद्देश्यले अध्ययन एवं अनुसन्धान गर्न नेपालमा आएका विदेशी नागरिकलाई ६ महीनासम्मको गैर पर्यटक भीसा दिइनेछ ।

▲(२) विदेशी लगानीकर्ता वा त्यस्तो विदेशी लगानीकर्ताको आश्रित परिवार वा अधिकृत प्रतिनिधि तथा त्यस्तो अधिकृत प्रतिनिधिको आश्रित परिवारलाई विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न व्यावसायिक भिसा उपलब्ध गराइनेछ ।

तर एकैपटक कम्तीमा एक लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई त्यस्तो लगानी कायम रहेसम्म आवासीय भिसा उपलब्ध गराईनेछ ।

७. **विवादको समाधान** : (१) विदेशी लगानीकर्ता, स्वदेशी लगानीकर्ता वा सम्बन्धित उद्योगको बीचमा कुनै विवाद उठेमा त्यस्तो विवादको समाधान सम्बन्धित पक्षहरूले विभागको रोहवरमा आपसी छलफलद्वारा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवादको समाधान हुन नसकेमा अन्तर्राष्ट्रिय व्यापार कानुनसम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (अनसिट्राल) को प्रचलित मध्यस्थता नियमबमोजिम मध्यस्थताद्वारा समाधान गरिनेछ ।

(३) मध्यस्थता काठमाडौंमा हुनेछ । मध्यस्थतामा नेपालको कानुन लागू हुनेछ ।

+(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिए बमोजिमको लगानी भएका उद्योगमा विदेशी लगानीका सम्बन्धमा उठेका विवादको सामाधान विदेशी लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्न सकिनेछ ।

८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

९. **यसै ऐनबमोजिम हुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिए जति कुरा सोही बमोजिम हुनेछ ।

---

▲ पहिलो संशोधनद्वारा संशोधित ।
\+ पहिलो संशोधनद्वारा थप ।





नेपाल कानून आयोग

+९क. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीको खण्ड (ख) मा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१०. **खारेजी र बचाउ** : (१) विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन, २०३८ खारेज गरिएकोछ ।

(२) विदेशी लगानी तथा प्रविधिसम्बन्धी ऐन, २०३८ अन्तर्गत भए गरेको सम्पूर्ण काम कारवाहीहरू यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

+ पहिलो संशोधनद्वारा थप ।

**द्रष्टव्य** :

१. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरू:-
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।

# अनुसूची

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

विदेशी लगानी गर्न स्वीकृति नदिइने उद्योगहरू

**खण्ड (क)**

१. घरेलु उद्योग ।

२. व्यक्तिगत सेवा व्यवसाय (जस्तो कपाल काट्ने, श्रृंगार गर्ने, सिलाई (टेलरिंग), ड्राइभिङ्ग तालिम आदि व्यवसाय) ।

३. हातहतियार तथा खरखजाना उद्योग ।

४. गोलीगठ्ठा, बारुद ।

५. विकीरणजन्य पदार्थ (रेडियोएक्टीभ मेटेरियल्स्) सम्बन्धी उद्योग ।

६. घरजग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक) ।

७. चलचित्र व्यवसाय ( ×............राष्ट्र भाषाको) ।

८. सुरक्षात्मक छपाइ (सेक्युरीटी प्रिन्टिङ्ग) ।

९. मुद्रा तथा सिक्का व्यवसाय ।

**खण्ड (ख)**

⊛१. अन्तर्राष्ट्रिय श्रृङखलाको रूपमा तत्काल दुईभन्दा बढी मुलुकमा कारोबार गरिरहेको खुद्रा व्यवसाय (रिटेल बिजनेस) ।

२. ✂...... ...... ......

३. ✂...... ...... ......

४. ✂...... ...... ......

५. ✂...... ...... ......

---

× गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⊛ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।

✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।

✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।

✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।



नेपाल कानून आयोग

६. ✂...... ...... ......

७. ✂...... ...... ......बिडी, ✂...... ...... ......(९० प्रतिशतभन्दा बढी निकासी गर्ने बाहेक) ।

८. आन्तरिक कुरियर सेवा ।

९. आणविक शक्ति (एटोमिक इनर्जी)

१०. ✂...... ...... ......

११. कुखुरा पालन ।

१२. माछा पालन ।

१३. मौरी पालन ।

❁१४. एकाउन्न प्रतिशतसम्म विदेशी लगानी भएको परामर्श सेवा बाहेक अन्य परामर्श सेवा व्यवसाय, व्यवस्थापन, लेखा, इन्जिनीयरिङ्ग, कानुनी जस्ता व्यवसायहरू ।

•१५. ब्युटी पार्लर ।

•१६. भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य ।

•१७. स्थानीय क्याटरिङ्ग सेवा ।

•१८. ग्रामीण पर्यटन ।

नेपाल कानून आयोग

---

✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।
✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।
✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।
✂ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।
❁ मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।
• मिति २०५८।५।२१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थपिएको ।